**मिति २०७८ भाद्र २ गते (वि.सं. २०७८।५।२) बुधबार तुलसीपुर उपमहानगरपालिकाको १२०औं कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. १**

रुकुम जिल्ला दुलि गा.बि.स. वडा नं. २ हाल परिवर्तितित सानो भेरी गाउपालिका वडा नं. ६ घर भई हाल तुलसीपुर उपमहानगरपालिका वडा नं. ५बस्ने बर्ष ३५ का राप्ती कवाड ब्यवसायी समितिको अधिकार प्राप्त ब्यक्ति मनजित पुनको वारेस का.जि.का.म.न.पा.वडा नं. २९ बस्ने बर्ष २९ की भावना कुमारी झा बिरुद्ध तुलसीपुर उपमहानगरपालिका र तुलसीपुर उपमहानगरपालिकाको कार्यसमिति समेत भएको श्री सम्मानीत सर्बोच्च अदालत काठमाण्डौं बाट मिति २०७८।१।३ गते म्याद तामेल भएको रिट नं. ०७७-Wo-१००२ मा प्रतिउत्तर दर्ता गर्न र तारेखमा समेत रहनका लागि बिद्धान अधिबक्ता श्री प्रकाश रेग्मी लाई प्रतिनिधि तोक्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. २**

तुलसीपुर उपमहानगरपालिकाको क्षेत्र भित्र रहेका आईई भई प्रतिवेदनमा समावेश गरिएका खोला तथा नदिनालाहरुमा रहेको नदिजन्य पदार्थहरु आवश्यक प्रकृया पुरा गरी ठेक्का लगाउने निर्णय गरियो । साथै आईई नभएका खोला तथा नदिहरुमा अबिलम्ब आईई गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णण नं. ३**

तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र सञ्चालित तपसिल बमोजिमका बिद्यालयहरुको कक्षा तथा बिषय थप गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४**

तुलसीपुर उपमहानगरपालिकाका नगरप्रमुख श्री घनश्याम पाण्डेकी ममतामयी आमा अमृता पाण्डेको मिति २०७८।४।२८ गते ७३ बर्षको उमेरमा भएको असामयिक दुखद निधनले स्तब्ध बनाएको छ । दुखको यस घडीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्ने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३